# म त च्याउ भएछु !

डा. महेशकुमार अधिकारी

वृत्रासुरको वधमा मेरो उत्पत्ति भएछ !
म त रक्तबीज भएछु !
अनि त म सर्वत्र व्याप्त भएछु !
सूक्ष्म स्वरुपबाट लौकिक भएछु !
म त च्याउ भएछु !

जन्ममा चियाउँदा केही थाहा भएन !
थाहा पाउँदा म त होचो रहेछु !
अरु वनस्पति भन्दा सानो रहेछु !
म त च्याउ भएछु !

वर्षायाम मेरो जन्म ऋतु भएछ !
अनि अनावश्यक वस्तु मेरो खाद्य र वासस्थल बनेछ !
म त थेप्चीएछु , चेप्टीएछु, नेप्टीएछु !
मुरकट्टा, सुइरो र पिंडालु जस्तो बनेछु !
म त रङ्गी बिरङ्गी भएछु !
जोगिनीबाट अप्सरा बनेछु !
म त च्याउ भएछु !

मलाई जननीले छत्रधारी वामन अवतार बनाएछिन् !
अनि छाता नहल्लियोस् भनी फेदमा कचौरा हाली दिएछिन् !
ग्रह गोचरका दृष्टि नपरोस् भनी औंठी लगाई दिएछिन् !
कीट-पतङ्ग र भ्यागुताको आश्रय स्थल बनेछु !
जङ्गलको सौन्दर्य र सुगन्ध पनि बनेछु !
म त च्याउ भएछु !

वयस्कमा मलाई धेरैले चपाएछन् !
चपाउँदा चपाउँदै केही परलोक गएछन् !
ऋषि-मुनिहरूले ग्रहण गरेपछि पवित्र भएछु !
धेरैलाई पवित्र बनाएछु !

अनि सबैको थेगो बनेछु !
म त च्याउ भएछु !
पर्यावरण शुद्धिको निमित्त बनेछु !
प्राकृतिक विज्ञानको एक महत्वपूर्ण विधा बनेछु !
म त नेपालमै फस्टाएछु !

म त च्याउ भएछु !
म त च्याउ भएछु !

**Publisjed in - Adhikari, M. K.** 2067 (2010) Mata chyau bhayee chhu. Kabita. 88:105-106 (= I was born to be a mushroom)